त्रैमासिक
# e बुलेटिन
आ.व.०८१/८२ अङ्क १ साउन-असोज

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार**

**संरक्षक**
राधिका अर्याल
सचिव

**सल्लाहकार**
कोशहरि निरौला
सहसचिव
अनिल कुमार दत्त
सहसचिव
गौरव गिरी
सहसचिव

**प्रकाशन समिति**
**संयोजक**
गजेन्द्र कुमार ठाकुर
सहसचिव

**सदस्यहरु**
ममता वास्तोला
उपसचिव

रमेश विश्वकर्मा सुनार
शाखा अधिकृत

**सदस्य सचिव**
ठानेश्वर पराजुली
शाखा अधिकृत

**कम्प्युटर**
करिश्मा पौडेल

## आकर्षण

नीतिगत, कानूनी र संरचनात्मक उपलब्धिहरू ........................................ 2

हुलाक सेवा विभाग



........................................5

डिजिटल नेपाल फ्रेमवर्कको प्रगति ........................................ 2

सामाजिक सञ्जाल नियमनतर्फ ........................................ 6

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत क्षेत्रगत मुख्य-मुख्य उपलब्धीहरू ........................................ 2

माननीय मन्त्रीज्यूको गतिविधिहरू



........................................9


01-4200439, www.mocit.gov.np, info@mocit.gov.np

# नीतिगत, कानूनी र संरचनात्मक उपलब्धिहरू

- सुरक्षण मुद्रण सम्बन्धी ऐन, २०८१ पारित भएको ।
- सार्वजनिक प्रसारण सेवा ऐन, २०८१ पारित भएको ।
- सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धी विधेयक सहमतिका लागि कानून मन्त्रालयमा पठाइएको । साथै सामाजिक सञ्जाल(प्रयोग तथा नियमन) ऐन, २०८० सम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पेश गरिएको ।
- सरकारी विज्ञापन तथा सूचना प्रकाश गर्न छापामाध्यमहरूको न्यूनतम दररेट सार्वजनिक गरिएको साथै छात्रवृत्ति वितरण कार्यविधि,२०८१ स्वीकृत भएको ।

# डिजिटल नेपाल फ्रेमवर्कको प्रगति

- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्वन्धी) नीति,२०८० लागू गरी फाइव जी (5G) नेटवर्क विस्तार गर्नको लागि आवश्यक पर्ने फ्रिक्वेन्सी व्यवस्थापन भई नेपाल दूरसञ्चार कम्पनी लि.ले सो को परीक्षण गरिसके पछि विस्तारको लागि आवश्यक नीतिगत व्यवस्था भई रोडम्याप तयार हुने क्रममा रहेको ।

- कोशी प्रदेशमा ८१.२८% अप्टिकल फाईबर जडान कार्य सम्पन्न भएको । मधेश प्रदेशमा ७०.३३% अप्टिकल फाईबर जडान कार्य सम्पन्न भएको । बागमती प्रदेशमा ३४.५९% अप्टिकल फाइबर जडान कार्य सम्पन्न भएको । कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गत **ADSS** अप्टिकल फाइबर बिछ्याउने कार्य, DWDM System तथा Router जडानको कार्य सम्पन्न भएको, १७ स्थानमा माईक्रोवेब उपकरण जडान सम्पन्न भएको । Under Ground अप्टिकल फाइबरको लागि ३ वटा प्याकेजमा सम्झौता भई कार्य प्रारम्भ भएको ।

- प्रभावकारी सार्वजनिक सेवा प्रवाहको लागि उच्च गतिको इन्टरनेट कनेक्टिभिटि पुऱ्याउने कार्य भूकम्प प्रभावित ८ जिल्ला (काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का ७६ स्थानीय तहहरूमध्ये ४८ वटा स्थानीय तहमा सम्पन्न भएको। काठमाडौं उपत्यका तथा भूकम्प प्रभावित ८ जिल्ला बाहेकका ६६ जिल्लाका आधारभूत सामुदायिक विद्यालयमा ब्रोडव्याण्ड सेवा पुऱ्याउने सम्बन्धमा हालसम्म १२४ वटा स्थानीय तहमा कार्य सम्पन्न भएको । ब्रोडव्याण्ड एक्सिस नेटवर्क परियोजनामार्फत काठमाडौं उपत्यका बाहेकका ७४ जिल्लाका ७०८ स्थानीय तहका कार्यालयहरू, ६५६६ वडा कार्यालय, ५३१८ सामुदायिक विद्यालय (माध्यमिक विद्यालय) र ४२४९ स्वास्थ्य केन्द्रहरूमा जडान कार्य सम्पन्न भएको ।

- कागजरहित सरकारको प्रवद्धधन गर्न "सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८"कार्यान्वयनमा रहेको । हाल एकीकृत कार्यालय व्यवस्थापन प्रणाली GIOMS सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका सबै विभागहरूमा कार्यान्वयनमा रहेको। चालू आ.व.२०८१/८२ मा ८ वटा निकायहरू थप भई कुल ८५ वटा निकायहरूले प्रणाली मार्फत काम गरिरहेका। डिजिटल हस्ताक्षर कार्यान्वयन गर्ने क्रममा हालसम्म ११००० भन्दा बढी विद्युतीय हस्ताक्षर जारी भएको।
- नागरिक एपमा हालसम्म ६४ सेवाहरू आवद्ध भएका। सवारी चालक अनुमतिपत्रलाई नागरिक एपमार्फत कार्यान्वयनमा ल्याइएको।
- डिजिटल सीप विकास कार्यक्रम सञ्चालन गर्ने १,००० वटा सामुदायिक विद्यालयहरूमा IT lab स्थापनाको कार्य सम्पन्न भएको।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत क्षेत्रगत मुख्य-मुख्य उपलब्धिहरू

## दूरसञ्चार

- FTTH Network Installation असोज महिनासम्म ४६,५९२ लाईन क्षमताको कार्य १४.७४% सम्पन्न हुनुको साथै थप ११ स्थानीय तहहरूमा FFTH सेवा विस्तार भएको। साथै FTTH Line –Migration/ New) वितरण गर्ने, आश्विन महिनाको अन्त्य सम्ममा Data १२,०९३, Voice ८,५४० र IPTV ५,२९३ गरी २५,९२६ FTTH सेवा बिस्तार भएको। हुम्ला जिल्लाको सिमिकोटमा FTTH नेटवर्क तयार गरी सेवा वितरण गर्ने कार्य प्रारम्भ भएको।
- आश्विन महिनाको अन्त्य सम्ममा जम्मा ९,६८८ Postpaid तथा ४,७५,३९३ Prepaid गरी जम्मा ४,८५,०८१ नयाँ 4G ग्राहक थप भएको।
- Optical Fiber Cable UG/ADSS जडान गर्ने क्रममा Dumkibas – GaindakotM Ducting कार्य सम्पन्न भई थप १६ कि.मि.OFC blowing कार्य सम्पन्न भएको। हालसम्म जम्मा ३२ कि.मि. OFC blowing कार्य सम्पन्न भएको। RTDF Optical Fiber project को कार्य गर्ने Package A (280.64 Km)- बेलौरी-महेन्द्रनगर रुटमा १२ कि.मि.Trenching/Ducting तथा महेन्द्रनगर-चादनी-दोधारामा ६.५ कि.मि. Trenching कार्य सम्पन्न भएको। (172.555 Km)- नेपालगन्ज-गुलरिया रुटमा ३५ कि.मि. तथा गुलरिया (धोदारी)-भुरिगाउ रुटमा १२ कि.मि. Trenching/Ducting कार्य सम्पन्न भएको। Package C (135.31Km)- टिकापुर-हौ सिलिया रुटमा सबै (४६.५कि.मि.) Trenching/Ducting तथा छिन्चु-सुर्खेत रुटमा ७.५ कि. मि. Trenching/Ducting कार्य सम्पन्न भएको। ADSS Route (२२७)- सामान प्राप्त भई Physical Verification सम्पन्न भएको।

- एनसेलको दूरसञ्चार सेवाको अनुमतिपत्र ५ वर्षको लागि नवीकरण भएको ।

## सूचना प्रविधि

- एकीकृत एस.एम.एस. गेटवे (SMS Gateway) मा हालसम्म ९४ वटा निकायहरूद्वारा जम्मा ३,२२,४६,१३७ वटा SMS प्रणाली मार्फत पठाइएको ।
- सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ मा उल्लेख भए अनुसार सरकारी कार्यालयहरूको वेबसाइटमा एकरूपता कायम गर्न Common Template निर्माणको कार्य सम्पन्न भएको । हालसम्म यस प्रणालीमा ३५१ वटा निकायहरू आवद्ध रहेका छन् । जसमध्ये ९३ वटा निकायका वेवसाइट लाइभ भइसकेको ।
- साझा पूर्वाधार मार्फत सरकारी निकायहरूलाई कम लागतमा तुरुन्त सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराउँदै आएको सरकारी क्लाउडमा हालसम्म ३४५ सरकारी निकायहरूका लागि उक्त निकायका सूचना प्रविधि प्रणाली सञ्चालन (host) गर्न स्रोत (resource) उपलब्ध गराइएको ।
- विभागद्वारा संचालित Web Based Centralized E–attendance System अन्तर्गत हालसम्म वितरण गरिएकाको विवरण:-
    - निकायहरू = ३८३३
    - उपकरणहरू (Active) = ४९७३
    - रजिष्टर्ड कर्मचारीहरू = ७१३९१

## आमसञ्चार क्षेत्र

- रेडियो नेपालबाट समावेशी कार्यक्रमतर्फ हालसम्म जम्मा ४९४ वटा कार्यक्रम निर्माण र प्रसारण भएको । समाचारतर्फ हालसम्म जम्मा १६७४ वटा समाचार निर्माण र प्रसारण भएको । थप भाषामा समावेशी कार्यक्रम र समाचार प्रसारण गर्ने क्रममा दनुवार भाषामा समाचार प्रसारणको आरम्भ गरिएको । साथै सञ्चारग्राम विराटनगरको संगीत स्टुडियोमा अल्पसंख्यक मुडियारी समुदायको पहिलो भाषिक गीत रेकर्ड गरिएको।साउन, भदौ र असोज महिनामा जम्मा १४३३ वटा अडियो कन्टेन्टलाई आर्काइभ सिस्टममा डिजिटाइज्ड गरिएको ।
- २०८१ साल साउन ३२ गते रासस केन्द्रिय कार्यालयमा रासस मिडिया सङ्ग्रहालयको शुभारम्भ गरिएको र असोज २९ गतेदेखि नेपाल र मैथिली भाषामा समावेशी समाचार सेवाको परीक्षण शुरू गरिएको ।
- नेपाल टेलिभिजनबाट नेपाली भाषामा दैनिक ११ वटा बुलेटिन र अंग्रेजी भाषामा ४ वटा समाचार बुलेटिन, संस्कृत भाषामा साप्ताहिक रूपमा तथा प्रत्येक दिन विहान ७ बजेको समाचारमा सांकेतिकीकरणको कार्य सम्पन्न भएको । विभिन्न १२ मातृभाषामा समावेशी कार्यक्रम सञ्चालन भएको साथै २०८१ असोज महिनामा थप एक मातृभापा (नेपाल भाषा) मा समेत गरी हाल ७ वटा मातृभाषामा समाचार निर्माण तथा प्रसारण भइरहेको ।

- मिति २०८१ असोज २२ गतेको गोरखापत्र दैनिकको नयाँ नेपाल बहुभाषा पृष्ठमा थप १ भाषा (रानाथारु भाषा) को सामग्री प्रकाशित भएपछि प्रकाशित हुने भाषाको संख्या ४४ पुगको । ८ वर्ष (१९६०,१९८३,१९८४,१९८५,१९८७,१९८८,१९८९,१९९०) को गोरखापत्रको डिजिटाइजेशनको कार्य सम्पन्न भएको ।

## हुलाक सेवा विभाग

- हुलाक सेवा विभाग र अन्तर्गतका बाँकी रहेका १७ निकायको नयाँ संगठन संरचना स्वीकृत भएको । हुलाक निर्देशनालय दाङ्ग, कैलाली र धनुषामा स्थापना भईसकेको । जिल्ला हुलाक कार्यालय रुकुम पूर्व, नवलपरासी (पूर्व) स्थापना भएको र सबै स्थानीय तहहरूमा हुलाक कार्यालयहरू स्थापना गरिएको । नँया संगठन संरचना अनुसार हुलाक काउण्टरहरू स्थापना भइरहेका ।
- अतिरिक्त हुलाक(पाँचौ संशोधन) नियमावलीको व्यवस्था अनुसार विगतमा हुलाक सेवामा कार्यरत अतिरिक्त हुलाक कर्मचारीहरू ५८ वर्ष उमेर हद वा स्वैच्छिक अवकासबाट रिक्त हुँदा निजहरूले पाउने थप सुविधा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट निकासा भएको । सरकारी कार्यालयहरूका हुलाक वस्तुहरू हुलाक मार्फत ढुवानी गर्नका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभाग, परराष्ट्र मन्त्रालय र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँग दुई पक्षीय सम्झौता गरी ढुवानी कार्य शुरू गरिएको ।
- १५० औं विश्व हुलाक दिवस October 9, 2024 का दिन हुलाक सेवा विभागको आयोजना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यूको प्रमुख आतिथ्यतामा एक औपचारिक कार्यक्रम गरी हुलाक दिवसको शुभकामना आदान प्रदान सम्पन्न भएको छ । यस अवसरमा हुलाक सेवा विभाग र मातहतका कार्यालयमा कार्यरत उत्कृष्ट २३ कर्मचारीलाई सम्मान गर्नुका साथै उक्त अवसरमा हुलाक टिकट प्रदर्शनी समेत गरिएको थियो ।



तस्वीरः-१ १५० औं विश्व हुलका दिवशका अवसरमा श्रीमान सचिवज्यूबाट प्रदर्शनमा राखिएका टिकटहरूको अवलोकन गर्नुहुदैं ।

5G सुरु गर्नेमा नेपाल टेलिकम अगाडि हुन्छ । यो वर्षभित्र डिजिटल नेपालको महत्वपूर्ण पाटोको रुपमा रहेको सूचना प्रविधिमा आधारित सुशासन प्रणालीको काम सुरु गरिने बताउनुभयो । "वडा कार्यालय, पालिका, प्रदेश सरकार, नेपाल सरकार सबै अनलाइन बेस्ड गर्भनेन्समा जाने भनेकाछौं यो काम यो वर्ष थाल्छौं । डिजिटल नेपालको एउटा महत्वपूर्ण पाटो यो बनेकोछ । यो सुशासन कायम गर्ने प्रमुख माध्यम भएकाले यसमा हामी अगाडि बढ्नेछौं ।



तस्विरः-२ (२०८१ असोज १८ गते इन्टिग्रेटेट नेटवर्क अपरेशन सेन्टरको अवोलकन)

## डिजिटल इकोनोमी'को अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चालू आर्थिक वर्षका लागि तोकिएका वार्षिक लक्ष्यमा उत्कृष्ट नतिजा हासिल गर्नेगरी कार्यसम्पादन गर्न मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिनुभएको छ। चालू आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन सम्झौतापछि मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिनुहुँदै सञ्चारमन्त्री गुरुङले सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट, आवधिक योजनालगायतबाट निर्धारण भएका लक्ष्य प्राप्त गर्न उत्कृष्ट कार्यसम्पादनसहित सबैले आफ्नो जिम्मेवारी इमानदारीसाथ पुरा गर्नुपर्ने बताउनुभएको हो । मन्त्रालयमा आयोजित एक औपचारिक कार्यक्रममा सञ्चार मन्त्री गुरुङ र सञ्चार सचिव राधिका अर्यालबीच कार्यसम्पादन सम्झौता भएको छ । त्यस्तै, सञ्चार सचिव अर्याल र मन्त्रालयका विभिन्न महाशाखा प्रमुख एवम् मन्त्रालय मातहतका निकायका प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता भएको हो । कार्यसम्पादन सम्झौतापछि मन्त्रालय र मातहतका कर्मचारीलाई निर्देशन दिनुहुँदै सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "निर्धारण भएका लक्ष्य तोकिएको लागत र समयभित्र सक्नका लागि सामुहिक रुपमा अघि बढ्नुपर्छ । एक जनाको प्रयास मात्रै पर्याप्त हुँदैन । सामुहिक प्रयासबाट हामी उत्कृष्ट कार्यसम्पादन गर्न सक्षम हुनेछौं ।

सरकारले पहिलो सय दिन, दोस्रो सय दिन र त्यसपछिको एक सय ६५ दिनको समीक्षा गर्नेगरी कार्यसम्पादन सम्झौता गरेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री गुरुङले अरु मन्त्रालयभन्दा सञ्चार मन्त्रालयको कार्यसम्पादन उत्कृष्ट साबित हुनेगरी काम गर्न निर्देशन दिनुभयो । सो अवसरमा उहाँले नेपालको आफ्नै स्याटलाइट आवश्यक रहेको बताउनुहुँदै यसले मुलुकको विकास मापन गर्ने मापदण्डको रुपमा काम गर्ने उल्लेख गर्नुभयो । 'डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयनका लागि पनि सञ्चारमन्त्री गुरुङले निर्देशन दिनुभयो । सुरक्षित मुद्रण (सेक्युरिटी प्रिन्टिङ) सम्बन्धी योजनलाई चालू आर्थिक वर्षभित्रै कार्यान्वयनमा लैजाने गरी काम गर्न उहाँको निर्देशन छ । "सेक्युरिटी प्रिन्टिङको काम आफैं गर्ने भनेर केही काम अघि बढेकोमा अहिले त्यतिकै रोकिएको छ । यो राष्ट्रिय सुरक्षाको कुरा पनि हो । बैंक नोट, हुलाक टिकट, राहदानी, अन्तःशुल्क स्टिकरलगायत छपाइका काम हामी आफैं गर्नुपर्छ," गुरुङले भन्नुभयो । सुरक्षित मुद्रण केन्द्रमा चाँडै नेतृत्व दिएर अर्को वर्षबाट सुरक्षित मुद्रणका काम आफैले गर्नसक्ने गरी व्यवस्था मिलाउन पनि उहाँले निर्देशन दिनुभयो । त्यस्तै, कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) सम्बन्धी कानूनी तथा प्राविधिक संयन्त्रको निर्माण र मुलुकको अर्थतन्त्रमा सूचना प्रविधि क्षेत्रको योगदान बढाउने गरी 'डिजिटल इकोनोमीको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता सञ्चारमन्त्री गुरुङले औंल्याउनुभयो ।



तस्विरः-३ भदौ ३० गते मा.मन्त्री र श्रीमान सचिव तथा सचिव र महाशाखा/ निकायका प्रमुखबीच कार्यसम्पादन सम्झौता समारोह

## जोखिममा काम गर्ने पत्रकारको राज्यले संरक्षण गर्छ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले लोकतान्त्रिक आन्दोलनलाई सफल तुल्याउने देखि समाजलाई सुसूचित गर्न सञ्चार क्षेत्रले जोखिममा रहेर पनि काम गरिरहेको बताउनु भएको छ । नेपाल पत्रकार महासंघ, नेपाल टेलिभिजन प्रतिष्ठान शाखाले आइतबार आयोजना गरेको 'हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोहमा उहाँले बेथिति र विसंगतिविरुद्ध आवाज उठाउने पत्रकारिता क्षेत्रको संरक्षण गर्न राज्यले ध्यान दिइरहेको बताउनुभयो ।

न्यूनतम पारिश्रमिकसमेत नपाउने स्थिति झेलेर पनि पत्रकारले आफ्नो धर्म निर्वाह गरिरहेका छन्, पत्रकार हरेक हिसाबले जोखिममा छन्, यद्यपि, आफ्नो जिम्मेवारी पुरा गरिरहेकाछन् । 'यस क्षेत्रको सुरक्षा गर्ने दायित्व राज्यको हो र हामीले अब नीति र कानून बनाएर पत्रकारिता जगत्लाई सहज बनाउन लागेका छौँ । सार्वजनिक सेवा प्रसारण ऐनलाई चाँडै नै कार्यान्वयनमा ल्याइने जानकारी गराउँदै मन्त्री गुरुङले नेपाल टेलिभिजन र रेडियो नेपालको समायोजनलाई व्यवस्थित बनाइने बताउनुभयो । सो अवसरमा यस वर्षको हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार कान्तिपुरकर्मी होम कार्की, प्रकाश तिमल्सिना र श्याम श्रेष्ठ तथा नेपाल टेलिभिजनकर्मी दुर्गाकुमारी भट्ट र विपिन श्रीवास्तवलाई प्रदान गरिएको थियो ।




तस्विर:-४ २०८१असोज ७ हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोहमा

## उच्च गतिको इन्टरनेट सेवा (फाइबर टू द होम-एफटिटिएच)

उच्च गतिको इन्टरनेट सेवा (फाइबर टू द होम-एफटिटिएच)प्रविधिबाट टेलिफोन तथा इन्टरनेट सहितको 'एनटी फाइबर सेवा नेपालका ७७ वटा जिल्लामा पुगेको छ । भौगोलिक तथा पूर्वाधार विकासका हिसाबले दुर्गम मानिएको कर्णाली प्रदेशका १० दुर्गम जिल्लामध्ये हुम्लामा मात्रै एफटीटीएच सेवा सञ्चालन हुन बाँकी थियो । एफटीटीएचमार्फत इन्टरनेटको प्रारम्भसँगै देशलाई डिजिटलाइज बनाउने सरकारको उद्देश्य रहेको कार्यसूची अन्तर्गत हुम्लामा द्रुतगतिको इन्टरनेट सेवा पुऱ्याउने लक्ष्य पूरा भएको छ । मन्त्रालयमा आयोजित एक कार्यक्रममा माननीय मन्त्रीज्यूले भर्चुअल माध्यमबाट सो सेवा शुभारम्भ गर्नुभयो ।



तस्विरः-५ हुम्ला जिल्लामा फाइबर टू द होम-एफटिटिएच सेवाको सुरूवात गर्नहुदैं।

वार्षिकोत्सव र विधागत पुरस्कार छनौट गरी प्रेस काउन्सिल नेपालको ५५ औं वर्षिकोत्सवको अवसरमा सम्मानीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र सञ्चार तथा सूचना प्रविधिमन्त्री मा. श्री पृथ्वी सुब्बा गुरुङबाट मिति २०८१ असोज ६ गते २२ जनालाई सम्मान, ५३ जनालाई पत्रकार पुरस्कार, १ जना कर्मचारीलाई दीर्घसेवा पदक र ४ जना कर्मचारीलाई पुरस्कृत गरी कार्यक्रम सम्पन्न भएको छ ।



तस्वीरः- ६ प्रेस काउन्सिल नेपालको ५५ औं वर्षिकोत्सव कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले उद्घाटन गर्नुहुदैं।